


# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड समाचार

देशको आर्थिक सामाजिक विकासमा ६० वर्षदेखि समर्पित – राष्ट्रिय वाणिज्य बैंक लि.

वर्ष ३३ अंक ०३ | असोज २०८२ | Year 33 Vol 03 | Sept./Oct. 2025

## शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न

**१० असोज, काठमाडौं**

राष्ट्रिय वाणिज्य बैंकद्वारा २०८२ सालको बडादशैं, शुभ दिपावली, नेपाल संवत् ११४६ छठ पर्व लगायतका चाडपर्वहरूको अवसरमा शुभकामना आदानप्रदान कार्यक्रम आयोजना गरियो। बैंकको केन्द्रिय कार्यालय स्थित सभा कक्षमा आयोजित उक्त कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत देवेन्द्र रमण खनालले दशैं, तिहार, छठ लगायतका



चाडपर्वले हामीलाई थप एकत्रित भई काम गर्न नविनतम उर्जा प्रदान गरोस् भन्ने शुभकामना व्यक्त गर्नुभयो। शुभकामना मन्तव्यका क्रममा वहाँले सम्पूर्ण कर्मचारीहरूलाई मुलुकका पछिल्ला राजनीतिक घटनाक्रमबारे अवगत गराउंदै व्यक्तिगत एवं संस्थागत सुरक्षालाई प्राथमिकता दिनुपर्ने, प्राप्त अवसरलाई सदुपयोग गर्दै बैंकको सेवा प्रवाहलाई चुस्त बनाउनुपर्ने, सबैको वृत्ति विकासमा ध्यान दिनुपर्ने, सामाजिक सञ्जाल चलाउँदा सजग हुनुपर्ने, आवश्यक गोपनियता कायम गर्नुपर्ने आदि विषयमा जोड दिनुभयो।

बाँकी पृष्ठ ३ मा

## नवनियुक्त संचालक समिति सदस्य थान प्रसाद पंज्ञानीद्वारा पद तथा गोपनीयताको सपथ ग्रहण



**२७ असोज, काठमाडौं**

नेपाल सरकारको निर्णयानुसार राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको सञ्चालक समिति सदस्य पदमा थान प्रसाद पंज्ञानी नियुक्त हुनुभएको छ। नवनियुक्त सञ्चालक समिति सदस्य थान प्रसाद पंज्ञानीलाई बैंकका सञ्चालक समितिका अध्यक्ष देव कुमार ढकालले असोज २७ गते बैंकको केन्द्रिय कार्यालय स्थित सभाहलमा एक समारोहका बीच पद तथा गोपनीयताको सपथ गराउनु भएको हो। उक्त कार्यक्रममा बैंकको सञ्चालक समितिका सदस्यहरू लक्ष्मण घिमिरे, प्रा.डा. राम प्रसाद ज्ञवाली, रोमीला ढकाल उप्रेती, डा. सूर्य बहादुर राना र हरि कुमार सिलवालको उपस्थिति रहेको थियो। त्यसैगरी बैंकका प्रमुख कार्यकारी

बाँकी पृष्ठ ३ मा

## चाडपर्व लक्षित 'स्मार्ट सेलिब्रेशन, स्मार्ट डिस्काउन्ट' अफर घोषणा

**५ असोज, काठमाडौं**

राष्ट्रिय वाणिज्य बैंकका SCT कार्ड प्रयोगकर्ताहरूका लागि खुशीको खबर सार्वजनिक भएको छ। दशैं, तिहार र छठ पर्वको अवसरमा बैंकका SCT कार्ड प्रयोगकर्ताहरूका लागि विशेष छुटको घोषणा गरिएको छ। Smart Choice Technologies Ltd. (SCT) ले "Smart Celebrations

बाँकी पृष्ठ ३ मा



# प्रमुख कार्यकारी अधिकृतको सन्देश



**देवेन्द्र रमण खनाल**
प्रमुख कार्यकारी अधिकृत

सम्पूर्ण कर्मचारी मित्रहरू, ग्राहक वर्ग एवं सरोकारवालाहरूमा हार्दिक नमस्कार, जेनजी आन्दोलन पछि मुलुकको राजनीतिक एवं सामाजिक वातावरणमा बदलाव आएको छ, आगामी दिनमा मुलुकको राजनीति कतातर्फ मोडिने हो, अर्थतन्त्रमा कस्तो प्रभाव पर्ने हो भन्ने विषयमा हामी सबैको चासो रहेको छ। आशा गरौं सरकारले तोकेको समयमै निर्वाचन सम्पन्न हुनेछ र राजनीतिक स्थिरता कायम भई अर्थतन्त्रमा पनि सकारात्मक प्रभाव पर्नेछ।

सचेत एवं जिम्मेवार नागरिकको हैसियतले हामीले आफ्नो ठाउँबाट मुलुक, समाज र संस्थाप्रतिको दायित्व इमानदारीपूर्वक निर्वाह गर्नुपर्छ। जेनजी आन्दोलन मार्फत् हामीले तीव्र असन्तुष्टिको परिणाम कस्तो हुँदो रहेछ भन्ने देख्यौं, भोग्यौं तसर्थ हामी बैंकमा कार्यरत कर्मचारीहरूले ग्राहकको सन्तुष्टीलाई ध्यानमा राख्दै चुस्त सेवा प्रवाहमा खटिनुपर्छ। हामीले जनसेवा गर्ने अवसर पाएका छौं र प्राप्त अवसरको सदुपयोग गर्नुपर्छ। हाम्रो समाजमा अवसरबाट वञ्चित मानिसहरू धेरै छन् जसका निमित्त हामी अवसर पाएका मानिसले काम गर्न सकिएन भने विद्रोह हुन सक्छ भन्ने हेक्का राख्नुपर्छ। हामीले Teamwork मा राम्रो काम गरेर देखाउने, सबैको वृत्ति विकासमा ध्यान दिने, सामाजिक सञ्जाल चलाउँदा सजग हुने, अनावश्यक राजनीतिक टिप्पणी नगर्ने, आवश्यक गोपनियता कायम गर्ने आदि विषयमा ध्यान दिनुपर्छ।

कर्मचारी मित्रहरू, हामीले हाम्रो बैंकको रणनीतिक योजना RBBL Strategic Plan 2025-30 को तयारीलाई छिट्टै नै अन्तिम रुप दिन गईरहेका छौं। उक्त योजनामा के कस्ता विषय समेट्नु उपयुक्त हुन्छ सो विषयमा राय, सल्लाह र सुझाव दिनुहुन र सोका लागि ग्राहक एवं सरोकारवालासंग आवश्यक समन्वय गरिदिनुहुन अनुरोध गर्दछौं। साथै World Bank/IMF को तर्फबाट तोकिएको अन्तर्राष्ट्रिय स्तरको लेखापरीक्षकबाट बैंकको Loan Portfolio Review कार्य भइरहेको स्मरण गराउँदै हामीले गर्ने कार्यहरू विधिसम्मत, भरसक त्रुटीरहित र चुस्तदुरुस्त documentation का साथ भएका छन् भन्नेमा हामी विश्वस्त छौं। संस्थाको हितले नै हाम्रो हित हुने भएकाले संस्थालाई व्यवसायिक रुपमा सबल र सेवा प्रवाहका दृष्टिमा थप स्तरीय बनाउन भूमिका खेल्नु नै हुनेछ भन्नेमा हामी निश्चिन्त छौं। फेरि पनि हाम्रो बैंकप्रति लाखौं ग्राहकहरूले दर्शाउनुभएको माया र सदभावको उच्च सम्मान गर्दै उत्कृष्ट सेवा प्रवाह गर्न कुनै कसर बाँकी नराख्ने प्रतिवद्धता दोहोऱ्याउछौं।

अन्त्यमा, सम्मुखमा रहेको नेपालीहरूको दोश्रो ठूलो चाड तिहार, नेपाल संवत्को नयाँ वर्ष ११४६, छठ पर्व लगायतका चाडपर्वहरूको अवसरमा यसै सन्देश मार्फत सम्पूर्ण सेवाग्राही, निक्षेपकर्ता, कर्जा ग्राहक, शेयरधनी, कार्यरत कर्मचारी लगायत सम्पूर्ण सरोकारवालाहरू प्रति सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको कामना सहित बैंक परिवारको तर्फबाट हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं। धन्यवाद! ■

# बानेश्वर शाखामा लुटपाट गर्ने २ जना पक्राउ



**२२ असोज, काठमाडौं**

जेनजी आन्दोलनका क्रममा भदौ २४ गते बानेश्वरस्थित राष्ट्रिय वाणिज्य बैंकमा भएको लुटपाट प्रकरणमा संलग्न दुई जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेमा दोलखाका दीपक श्रेष्ठ र सिराहाका नरेशकुमार यादव रहेको प्रहरीले जनाएको छ। पक्राउ परेकामध्ये यादवको साथबाट करिब चार लाख रुपैयाँ नगद र केही मात्रामा सुन बरामद गरिएको प्रहरीले जनाएको छ।

बैंकको नयाँ बानेश्वर शाखामा रहेको भल्टसम्म पुग्ने आइरन गेट नै फोडेर उक्त लुटपाट भएको थियो। लगत्तै बैंकले चोरी र लुटपाट भएको सीसीटीभी फुटेजसहित प्रहरीमा उजुरी गरेको थियो। बैंकमा ग्राहकको निक्षेपका रुपमा रहेको नगद र कर्जा लगानी गर्दा ऋणीबाट धितोको रुपमा लिएको सुन चोरी भएको थियो।

यसअघि भदौ २९ गते नेपाल राष्ट्र बैंकका गभर्नर प्रा.डा. विश्वनाथ पौडेलले डेपुटी गभर्नर बमबहादुर मिश्र, राष्ट्रिय वाणिज्य बैंकका सञ्चालक समितिका अध्यक्ष देवकुमार ढकाल, प्रमुख कार्यकारी अधिकृत देवेन्द्र रमण खनाल, उपकार्यकारी अधिकृत पवन रेग्मी र ब्राञ्च अपरेसन विभागका विभागीय प्रमुख आनन्द सुवेदीको समेतको उपस्थितिमा उक्त शाखाको अवलोकन गर्नुभई त्यहाँ जेनजी आन्दोलनका क्रममा भएको क्षतिको अवस्थाबारे जानकारी लिनुभएको थियो।

जेनजी आन्दोलनका क्रममा नयाँ बानेश्वरस्थित संसद भवनको पछाडि रहेको बैंकको शाखामा तोडफोड तथा लुटपाट भएको थियो। संसद भवनमा तोडफोड तथा आगलागी गरेपछि एक समूहले बैंक शाखा कार्यालयमा प्रवेश गरेर तोडफोड र आगजगनी गर्दै लुटपाट गरेको थियो। बैंकको बानेश्वर शाखामा मध्य रातिसम्म पनि एउटा समूहले तोडफोड गरिरहेको थियो। भदौ २४ गते राति १० बजेपछि सेना परिचालन भएसँगै सेनाले बैंक तोडफोड गरिरहेका ५ जनालाई नियन्त्रणमा लिएको थियो। ■

## शुभकामना

२०८२ सालको बडादशैं, शुभ दीपावली, नेपाल संवत् ११४६ छठ पर्व लगायतका चाडपर्वहरूको अवसरमा सम्पूर्ण सेवाग्राही, निक्षेपकर्ता, कर्जा ग्राहक, शेयरधनी, कार्यरत कर्मचारी लगायत सम्पूर्ण सरोकारवालाहरू प्रति सु-स्वास्थ्य, सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

राष्ट्रिय वाणिज्य बैंक
RASTRIYA BANIJYA BANK
...तपाईंको आफ्नै बैंक

**राष्ट्रिय वाणिज्य बैंक लि. परिवार**

# राष्ट्रिय वाणिज्य बैंकले उद्योगहरूलाई ऊर्जा क्षमता प्रवर्द्धनका लागि दोस्रो चरणको अनुदान वितरण

२७ असोज, काठमाडौं

दिगो औद्योगिक विकासलाई प्रोत्साहन गर्ने आफ्नो प्रतिबद्धता निरन्तरता दिँदै राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले उद्योगहरूमा ऊर्जाक्षमता प्रवर्द्धनका लागि दोस्रो चरणको वित्तीय अनुदान वितरण सम्पन्न गरेको छ। यो कार्यक्रम नविकरणीय ऊर्जा तथा ऊर्जाक्षमता कार्यक्रम-ग्रीन रिकभरी एण्ड एम्पावरमेन्ट विद एनर्जी इन नेपाल (REEEP–GREEN) अन्तर्गत सञ्चालन गरिएको हो।



कार्यक्रमको औपचारिक अनुदान हस्तान्तरण समारोह काठमाडौंस्थित बैंकको केन्द्रीय कार्यालयमा सम्पन्न भयो। सो अवसरमा बैंकका ग्रीन एनर्जी फाइनान्स विज्ञ श्री राजीव मङ्गल जोशीले अनुदान वितरण गर्नुभयो। कार्यक्रममा बैंकका उच्च अधिकारीहरू, युरोपेली संघ, GIZ नेपाल, उद्योग क्षेत्रका प्रतिनिधि तथा ऊर्जा विशेषज्ञहरूको उपस्थिति रहेको थियो।

कार्यक्रम अन्तर्गत दोस्रो चरणमा कुल १३ उद्योगहरूले ४ करोड रुपैयाँभन्दा बढीको अनुदान प्राप्त गरेका छन्। यी उद्योगहरूले विस्तृत ऊर्जा अडिटका आधारमा पहिचान गरिएका ऊर्जाबचतका उपायहरू सफलतापूर्वक कार्यान्वयन गरेका थिए। कार्यक्रम मार्फत उद्योगहरूले वार्षिक रूपमा करिब १२ लाख ३५ हजार किलोवाट घण्टा (kWh) ऊर्जा बचत गरी वार्षिक करिब ४ करोड ७७ लाख रुपैयाँभन्दा बढी लागत घटाउने अपेक्षा गरिएको छ। यसले नेपालको जलवायु लक्ष्य र दिगो आर्थिक वृद्धिमा महत्वपूर्ण योगदान पुऱ्याउने बैंकले जनाएको छ।

कार्यक्रममा युरोपेली संघको नेपालस्थित प्रतिनिधित्व गर्ने श्री रञ्जन प्रकाश श्रेष्ठले सहभागी उद्योगहरूको उपलब्धिको प्रशंसा गर्दै परियोजनाको सहयोग अवधि समाप्त भए पनि यस्ता अभ्यासहरूलाई दीगो रूपमा निरन्तरता दिन आग्रह गर्नुभयो। वहाँले नेपालमा ऊर्जा पहुँच र विश्वसनीयता सुदृढ पार्न युरोपेली संघको निरन्तर लगानी रहने बताउनुभयो।

समापन मन्तव्यका क्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत श्री देवेन्द्र रमण खनालले "ऊर्जा बचत गर्नु ऊर्जा उत्पादन जत्तिकै महत्वपूर्ण हो" भन्दै अनुदान प्राप्त उद्योगहरूलाई ऊर्जा दक्षता प्रवर्द्धनमा योगदानका लागि धन्यवाद ज्ञापन गर्नुभयो। उक्त कार्यक्रमको बैंकका तर्फबाट Focal Person का रुपमा होम राज भट्टराईले कार्य गर्दै आउनुभएको छ। ■

# बैंकको नाम दुरूपयोग गरी हुन सक्ने ठगीबाट सजग रहन अनुरोध

२३ असोज, काठमाडौं

पछिल्ला दिनहरूमा केही अनधिकृत व्यक्तिहरूले राष्ट्रिय वाणिज्य बैंकको नाम दुरुपयोग गर्दै ग्राहकहरूलाई आर्थिक प्रलोभनमा पार्ने प्रयास गरिरहेको भन्दै बैंकले सर्वसाधारणलाई सचेत रहन आग्रह गरेको छ। बैंकले एक विज्ञप्ति जारी गर्दै केही व्यक्तिहरूले फोन, इमेल र सामाजिक सञ्जालमार्फत ग्राहकको व्यक्तिगत विवरण, एटिएम पिन, ओटीपी, इमेल पासवर्ड लगायत गोप्य जानकारी माग्ने र झूटा अफर वा योजनाको नाममा ठगी गर्न खोजेको पाइएको जनाएको छ।

'बैंकका कुनै पनि कर्मचारी वा अधिकृत प्रतिनिधिद्वारा कहिल्यै पनि कुनै प्रयोजनका लागि फोन, इमेल वा सामाजिक सञ्जालमार्फत ग्राहकसँग गोप्य विवरण मागिँदैन' बैंकले विज्ञप्ति मार्फत स्पष्ट पारेको छ। बैंकले ग्राहकहरूलाई यस्ता शंकास्पद फोन, इमेल वा सन्देशमा विश्वास नगर्न आग्रह गर्दै कुनै पनि असामान्य गतिविधि देखिएमा नजिकको शाखा कार्यालय वा बैंकका आधिकारिक सम्पर्क नम्बरमा सम्पर्क गर्न अनुरोध गरेको छ।




साथै बैंकले आफ्नो आधिकारिक सूचना, अफर तथा योजनाहरू केवल आफ्नै वेबसाइट www.rbb.com.np मार्फत मात्र प्रकाशित गर्ने जनाएको छ। विज्ञप्तिमा थप भनिएको छ, 'हामी हाम्रा ग्राहकहरूको सुरक्षित बैंकिङ कारोबारका लागि प्रतिबद्ध छौं र यस्ता ठगीजन्य क्रियाकलाप विरुद्ध सचेत एवं सजग रहन सबैलाई आह्वान गर्दछौं।'

बैंकले हालै यस्ता साइबर ठगीका घटना बढ्दै गएको भन्दै सर्वसाधारणलाई अनलाइन सुरक्षाको महत्व बुझ्न र कुनै पनि संवेदनशील जानकारी तेस्रो पक्षसँग नबाँड्न सचेत गराएको छ। ■

## शुभकामना आदानप्रदान ...

उक्त कार्यक्रममा बैंकका नायब प्रमुख कार्यकारी अधिकृतद्वयः सरस्वती अधिकारी र देवेश प्रसाद लोहनी, उप-कार्यकारी अधिकृतहरू पवन रेग्मी, विनयरमण पौडेल, दुर्गा कुमारी कंडेल छत्कुली र राम कुमार थापा, विभिन्न विभागका विभागीय प्रमुखहरू, बागमती प्रादेशिक कार्यालयका प्रमुख, मुख्य शाखा कार्यालयका शाखा प्रबन्धक, कर्पोरेट शाखाका शाखा प्रबन्धक, आरबिबि सेक्युरिटिज तथा आरबिबि मर्चेन्टका प्रमुख कार्यकारी अधिकृत, राष्ट्रिय वाणिज्य बैंक लिमिटेड अवकाश कोषका कोष प्रशासक, बैंकमा क्रियाशील तिनवटै कर्मचारी संगठनहरूका पदाधिकारी प्रतिनिधि लगायतको उपस्थिति रहेको थियो।

कार्यक्रममा बैंकका सम्पूर्ण विभागहरूको तर्फबाट मानव संसाधन विभागका विभागिय प्रमुख भीम प्रसाद घिमिरेले शुभकामना मन्तव्य राख्नुभएको थियो। त्यसैगरी राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपालका तर्फबाट महासचिव रविन्द्र चौलागाईं, नेपाल वित्तीय संस्था कर्मचारी संघ राष्ट्रिय वाणिज्य बैंकको तर्फबाट अध्यक्ष ईश्वर बहादुर सिंह र नेपाल राष्ट्रिय कर्मचारी संगठन राष्ट्रिय वाणिज्य बैंकका तर्फबाट सचिव चुडामणी गुप्ताले शुभकामना मन्तव्य राख्नुभएको थियो। राष्ट्रिय वाणिज्य बैंक लिमिटेडका कम्पनी सचिव प्रमोद अधिकारीले संचालन गर्नुभएको उक्त कार्यक्रमको समापन बैंकका प्रमुख कार्यकारी अधिकृत देवेन्द्र रमण खनालले गर्नुभएको थियो। ■

## नवनियुक्त संचालक ...

अधिकृत देवेन्द्र रमण खनाल, नायब प्रमुख कार्यकारी अधिकृतद्वयः सरस्वती अधिकारी र देवेश प्रसाद लोहनी, उप-कार्यकारी अधिकृतहरू पवन रेग्मी, विनयरमण पौडेल, दुर्गा कुमारी कंडेल छत्कुली र राम कुमार थापा, कम्पनी सचिव प्रमोद अधिकारी लगायत कर्मचारीको उपस्थिति रहेको थियो ।■

## चाडपर्व लक्षित ...

with SCT" नामक विशेष अभियान मार्फत सो घोषणा गरेको हो। यस अभियान अन्तर्गत राष्ट्रिय वाणिज्य बैंकका SCT–UnionPay कार्ड प्रयोगकर्ताहरूले देशभरका Big Mart का आउटलेटहरूमा किनमेल गर्दा प्रत्येक कारोबारमा १० प्रतिशत (अधिकतम रु. १००) सम्म छुट पाउनेछन्। यो अफर दशैंको घटस्थापनाको दिन अर्थात् २०८२ असोज ६ गतेदेखि छठ पर्व अर्थात् २०८२ कार्तिक १० गतेसम्मका लागि लागू हुने जनाईएको छ। यस योजनाले उपभोक्तालाई चाडपर्वको समयमा सजिलो, सुरक्षित र डिजिटल माध्यमबाट किनमेल गर्न थप उत्साहित तुल्याउने अपेक्षा गरिएको छ। ■

# राष्ट्रिय वाणिज्य बैंकको सहायक चौथो तहको नयाँ पाठ्यक्रम स्वीकृत

**१० असोज, काठमाडौं**

राष्ट्रिय वाणिज्य बैंकको सहायक चौथो तहको नयाँ पाठ्यक्रम स्वीकृत भएको छ। स्वीकृत नयाँ पाठ्यक्रमलाई एकीकृत परीक्षा प्रणालीको आधारमा दुई चरणमा विभाजन गरिएको छ जसमा प्रथम चरणको लिखित परीक्षा २०० पूर्णाङ्कको र द्वितीय चरणको अन्तर्वार्ता ३० पूर्णाङ्कको हुनेछ। लिखित परीक्षा अन्तर्गत प्रथम पत्रमा १०० पूर्णाङ्कका लागि बैंकिङ, व्यवस्थापन, लेखा, गणित र सूचना प्रविधि विषयबाट ५ अंकका १२ वटा र १० अंकका ४ वटा प्रश्न सोधिने छ भने द्वितीय पत्रमा १०० पूर्णाङ्कका लागि सेवा, समूह र संस्था सम्बन्धि विषयबाट ५ अंकका ८ वटा र १० अंकका ६ वटा प्रश्न सोधिने छ।

नयाँ पाठ्यक्रम बमोजिम अब उप्रान्त लोक सेवा आयोगबाट सङ्गठित संस्थाको पदपूर्तिको लागि लिइने पूर्वयोग्यता परीक्षा (Pre–Qualifying Examination) बाट छनौट भएका उम्मेदवारहरू मात्र एकीकृत परीक्षा प्रणालीको आधारमा सञ्चालन हुने परीक्षामा सहभागी हुन पाउने छन्। उल्लिखित परीक्षा प्रणाली अनुसार राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, नेपाल बैंक लिमिटेड र कृषि विकास बैंक लिमिटेडको अप्राविधिक तर्फका प्रशासन सेवा, प्रशासन/नगद समूह/उपसमूह, चौथो तह, सहायक/सहायक (नगद) / लेखपाल (प्रशासन) वा सो सरह पदको खुला प्रतियोगितात्मक परीक्षाको लागि प्रथम पत्र/विषयको विषयवस्तु एउटै (Common) र अनिवार्य हुनेछ। तर द्वितीय पत्रको सेवा, समूह र संस्था सम्बन्धी विषय संस्था/निकाय अनुरूप फरक फरक हुनेछ।

साथै उल्लिखित सबै संस्था/निकायहरूको लागि प्रथम पत्रको लिखित परीक्षा संयुक्त रूपमा एउटै प्रश्नपत्रबाट एकैदिनमा हुनेछ। तर द्वितीय पत्रको सेवा, समूह र संस्था सम्बन्धी विषयको लिखित परीक्षा संस्था/निकाय अनुरूप अलग अलग दिनमा छुट्टाछुट्टै प्रश्नपत्रबाट हुनेछ। उक्त नयाँ पाठ्यक्रम बैंकको वेबसाइट: www.rbb.com.np मा समेत राखिएको छ। ■

# रणनीतिक योजना तर्जुमा अन्तरक्रिया कार्यक्रम सम्पन्न



**२८ असोज, काठमाडौं**

राष्ट्रिय वाणिज्य बैंकको रणनीतिक योजना २०२५-३० तर्जुमा अन्तरक्रिया कार्यक्रम विभिन्न स्थानमा सम्पन्न भएका छन्। असोज २५ गते कोशी प्रदेश अन्तर्गतका शाखा कार्यालयहरूको इटहरीमा, असोज २६ गते मधेश प्रदेश अन्तर्गतका शाखा कार्यालयहरूको जनकपुरमा र असोज २८ गते गण्डकी प्रदेश अन्तर्गतका शाखा कार्यालयहरूहरूको पोखरामा कार्यक्रमहरू सम्पन्न भएका हुन्। रणनीतिक योजनाका विज्ञ डा. भरत सिंह थापा, बैंकका उपकार्यकारी अधिकृत राम कुमार थापा, प्रादेशिक कार्यालय प्रमुख तथा उपप्रमुखहरू, सम्बन्धित प्रदेश अन्तर्गतका शाखा कार्यालयका शाखा प्रबन्धकहरू लगायतका कर्मचारीको उपस्थिति रहेको कार्यक्रमको आयोजना सिकाई तथा विकास विभागले गरेको थियो। यसअघि विज्ञहरूको समूहले रणनीतिक योजना तर्जुमाको सन्दर्भमा बैंकको संचालक समिति, उच्च व्यवस्थापन, विभागीय प्रमुखहरू, क्रियाशील कर्मचारी युनियनहरू, सुदूरपश्चिम, कर्णाली, लुम्बिनी र बागमती प्रदेश अन्तर्गतका शाखा कार्यालयहरूको शाखा प्रबन्धकहरू र बैंकका ग्राहकहरूसँग समेत अन्तरक्रिया सम्पन्न गरेको थियो। रणनीतिक योजना २०२५-३० तयार नहुँदासम्म अन्य सरोकारवाला एवं ग्राहकहरूसँगको अन्तरक्रियालाई निरन्तरता दिइने बैंकले जनाएको छ। ■

## राष्ट्रिय वाणिज्य बैंक समाचारको अनुरोध

यस मासिक प्रकाशनमा समाचारका रुपमा प्रकाशित गर्नुपर्ने विषयवस्तु जस्तै बैंकको तर्फबाट आयोजना हुने कार्यक्रम, गतिविधि र क्रियाकलापहरूको पूर्ण विवरण, तस्वीर तथा सूचनामुलक सामग्रीहरू साथै प्रेस विज्ञप्तीको रुपमा सञ्चार माध्यमबाट प्रकाशन प्रशारण गराउनुपर्ने सामग्रीहरू ईमेल ठेगाना rudra.adhikari@rbb.com.np वा rbbnl@rbb.com.np वा Whatsapp number ९८६२९६९९४६ मा समयमै पठाई सहयोग गरिदिनुहुन यस बैंकका सम्पूर्ण कार्यालयहरू, विभाग तथा क्रियाशील कर्मचारी युनियनहरूलाई हार्दिक अनुरोध गरिन्छ।

– प्रकाशक

## हार्दिक समवेदना

यस बैंकको डिजिटल बैंकिङ विभागमा कार्यरत वरिष्ठ सहायक एलिना धिताल (१२९२१) का ससुरा इश्वर कुमार श्रेष्ठ र शाखा कार्यालय गैंडाकोटमा कार्यरत वरिष्ठ सहायक विना कुँवर थापा (१२२०४) का ससुरा नुर बहादुर थापाको केही पहिले निधन भएकोमा दिवंगत आत्माहरूको चिर शान्तिको कामना सहित हार्दिक समवेदना प्रकट गर्दछौं।

राष्ट्रिय वाणिज्य बैंक RASTRIYA BANIJYA BANK ...तपाईंको आफ्नो बैंक

राष्ट्रिय वाणिज्य बैंक लि. परिवार

*प्रकाशक*
**राष्ट्रिय वाणिज्य बैंक लिमिटेड**
प्रमुख कार्यकारी अधिकृतको कार्यालय
सिंहदरबारप्लाजा, काठमाडौँ, फो नः ०१-५७२१२२०, Ext. २४२३
इमेल : rbbnl@rbb.com.np
वेबसाइटः www.rbb.com.np

*प्रमुख सल्लाहकार*
**देवेन्द्र रमण खनाल**
*प्रमुख कार्यकारी अधिकृत*

*सह-सम्पादक*
**रुद्रप्रसाद अधिकारी**

*सल्लाहकार*
**पवन रेग्मी**
*उप-कार्यकारी अधिकृत तथा सूचना अधिकारी*

*डिजाइन*
**यदु उपाध्याय**